नेपाल सरकार
उद्योग मन्त्रालय
कम्पनी रजिष्ट्रारको कार्यालय
त्रिपुरेश्वर, काठमाडौं

## रु. १० लाख वा सो भन्दा बढीको सेयर कारोवारको लिखत कागजातका साथ वित्तिय संस्था वा बैंकिङ्ग उपकरण मार्फत कारोवार गरिएको प्रमाण संलग्न गरी पेश गर्ने बारेको कम्पनी रजिष्ट्रार कार्यालयको सुचना

मिति २०७३।१२।१० को नेपाल राजपत्रमा प्रकाशित नेपाल सरकार, अर्थ मन्त्रालयको सुचनामा सम्वत् २०७४ साउन १ गते देखि कुनैपनि व्यक्ति, फर्म, कम्पनी वा संस्थाले एक पटकमा दश लाख रुपैंया वा सो भन्दा बढी मुल्यको कुनै सेवा वा वस्तुको खरिद बिक्री वा अन्य कारोवार गर्दा वित्तिय संस्था वा बैंकिङ्ग उपकरण मार्फत गर्नुपर्ने गरी सीमा निर्धारण गरेको एवं नेपाल राष्ट्र बैंकद्वारा जारी गरिएको आ.व. २०७४/७५ को मौद्रिक नीतिमा नगद कारोवारबाट हुने जोखिम न्युनीकरण गर्न रु. १० लाख वा सो भन्दा बढीको रकम भुक्तानी गर्दा अनिवार्य रुपमा एकाउन्टपेयी चेक मार्फत गर्नुपर्ने व्यवस्था गरिएको हुँदा यस कार्यालयमा रजिष्ट्रेसन भएका कम्पनीहरुले पनि रु. १० लाख वा सो भन्दा बढी रकमको शेयर खरिद बिक्री कारोवार गरी शेयर लगत अभिलेखका लागि लिखत कागजात पेश गर्दा वित्तिय संस्था वा बैंकिङ्ग उपकरण मार्फत कारोवार गरेको देखिने वित्तिय संस्था/बैंक भौचरको प्रतिलिपि वा रकम जम्मा भएको वित्तिय संस्था/बैंक स्टेटमेण्टको प्रतिलिपि समेत अनिवार्य रुपमा पेश गर्नुपर्ने व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सुचना प्रकाशित गरिएको छ ।

रजिष्ट्रार

०७४/०५/०६

रजिष्ट्रार